अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतले फैसला गर्दा लिएको आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	खिम बहादुर वि.क., नविन कुमार दास , सनोज उपाध्याय, रन बहादुर थापा, टेक नारायण पुन र पार्वती थापा मु.नं (०७८-CR-०१२३) फैसला मिति २०८०/१० /२५	सरकारी रकम हिनामिना गरेको ।	**आरोप दावी** • प्रतिवादीहरु खिम बहादुर वि.क., नवीन कुमार दास र सनोज उपाध्यायलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा विगो रु.४,९०,२२७।७७ (चार लाख नब्बे हजार दुई सय सत्ताइस रुपैयाँ सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी विगो असुल उपर हुन र प्रतिवादीहरु रन बहादुर थापा, टेक नारायण पुन र पार्वती थापालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु. ४,९०,२२७।७७ (चार लाख नब्बे हजार दुई सय सत्ताइस रुपैयाँ सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र उक्त विगो जफत हुन दावी लिएको देखिन्छ । **अदालतको फैसला** •यी प्रतिवादीहरुलाई **सफाई** दिने ठहर गरी फैसला भएको देखिन्छ ।	• प्रतिवादीहरुले मौका तथा अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेको। • मिसिल संलग्न कागजातबाट वर्षायामको बाढीले भइरहेको निर्माण कार्यमा क्षति पुऱ्याएको देखिएको र अनुसन्धान निकायको फरक फरक प्रतिवेदन पेस भई प्रतिवेदन बेहोरामा एकरुपता नदेखिएको एवं प्रतिवादीहरुले पेस गरेका निर्माण सम्बन्धी प्रतिवेदन, स्थानीय उपभोक्ता समेत रहेका साक्षीहरुको बकपत्र समेतबाट प्रतिवादीहरु उपरको आरोप दावी पुष्टि हुन नआएको र प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन नसकेकोले निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई।	• उक्त डुडियाघाट ह्युमपाईप आयोजनाका सम्बन्धमा ह्युमपाईपको बेसमा PCC(Plain Cement Concrete) गरेको नदेखिएको, नापी किताबमा ह्युमपाईपको Wedge मा Concrete ढलान राखिएकोमा फिल्डमा हाल माथिल्लो केही भागमा मात्र उक्त ढलान देखिएको र सो भागको काम पनि गुणस्तरीय (M१५,१:२:४) नभएकोले नापी लिन उपयुक्त नदेखिएको, Stone Masonry Wall खोलाले बगाएको भनिएता पनि फिल्डमा बनेको थियो भनी पुष्टी हुने आधार नदेखिएको, सम्पूर्ण कामहरु हेर्दा आयोजनामा गुणस्तरीयता कायम गरेको पाईएन। नापी किताब अनुसारका कार्यहरु तथा परिणामहरुमा भिन्नता देखिन आएकोले गाउँपालिकाबाट निकासा भएको जम्मा रकम रु.५,२०,०००।- मध्ये कुल रु.१,८५,२६३। ११ रुपैयाँ बराबरको काम नगरिकनै नापी किताब तयार गरी भुक्तानी दिएको भन्ने स्थलगत प्रतिवेदन र लामाबगर ह्युमपाइप आयोजनाको स्थलगत अध्ययन गर्दा ८ वटा ह्युमपाइप सहितको कल्भर्ट निर्माण भएकोमा ३ वटा ह्युमपाइप दबेर स्ट्रक्चर फेलियर भएको, मेशिनरी वाल ३ वटा समेत नरहेको, ह्युमपाइप मुनीको २५ सेमी ढलान भएको नदेखिएको साथै wedge पार्टमा plumb concrete गरी PCC(Plain Cement Concrete) रेट हाली मूल्याङ्कन गरेको देखिएको, गाउँपालिकाबाट निकासा भएको जम्मा रकम रु.६,३०,०००।- मध्ये कुल रु.३,१७,८६७।२६ रुपैयाँ बराबरको काम नगरिकनै नापी किताब तयार गरी भुक्तानी दिएको भन्ने प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा आयोगको पोखरा कार्यालयबाट खटिएका प्रतिवेदकहरु मेघनाथ रिजाल र देवेन्द्र पाण्डेले पेश गरेको स्थलगत मुचुल्का सहितको प्रतिवेदनबाट देखिएको र सोही प्रतिवेदन बेहोराबमोजिमकै आयोगबाट खटिएका प्रतिवेदकहरु रमेश अधिकारी र शम्भु मिश्रले पेश गरेको स्थलगत मुचुल्का सहितको प्रतिवेदनबाट देखिएको तथा निज प्रतिवेदनहरुले अदालतमा उपस्थित भई गरेको बकपत्र समेतका मिसिल संलग्न तथ्य प्रमाणहरुले प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा प्रतिवेदनहरु फरक फरक रहेको तथा निर्माण स्थल बाढीले वगाई क्षति पुऱ्याएको भन्ने आधार उल्लेख गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न उक्त प्रमाण मूल्याँकनको रोहमा त्रुटिपूर्ण हुँदा बदर भागी छ । • प्रतिवादी खिम बहादुर वि.क.ले काठेखोला गाउँपालिका, कार्यालयको प्रशासकीय प्रमुख भई पदीय दायित्व बमोजिम कामकाज जस्तैः बिल, प्रतिवेदन आदि स्वीकृत गर्नु र खर्च गर्नु पर्नेमा निजले सम्झौतामा उल्लेख भए बमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँचको लागि सम्बन्धित साईट प्राविधिकलाई जिम्मेवारी नतोकि नापि कितावमा सही गरि सहमति जनाई नभए नगरेको कार्यको समेत झुठा बिल भरपाई बनाई/ बनाउन लगाई गलत मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भएको र प्राविधिक कर्मचारी तत्कालिन सब ईञ्जिनियर नवीन थापा र असिस्टेन्ट सव ईञ्जिनियर सनोज उपाध्यायले नापि किताबमा भए बमोजिमको वास्तविक कार्यसम्पादन गराई सो को चेक जाँच गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेमा निजहरुले पदिय जिम्मेवारी बमोजिम सुपरीवेक्षण गर्न नसकेको र ह्युम पाईप राख्दा लगत स्टिमेट बमोजिम नभए नगरेको कार्यको समेत नापि किताव तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने कार्य गरी उक्त आयोजनाहरुबाट कुल रु.४,९०,२२७।७७ (चार लाख नब्बे हजार दुई सय सत्ताइस रुपैयाँ सतहत्तर पैसा) हानि नोक्सानी गरी भष्टाचार गरेको

					मिसिल संलग्न तथ्य प्रमाण समेतबाट पुष्टि भएको अवस्थामा निज प्रतिवादीहरुले यी प्रतिवादीहरुले इन्कारी बयान गरेको भन्ने आधारमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको उल्लेखित फैसला त्रुटिपूर्ण छ । • उक्त डुडियाघाट, लामाबगर ह्युमपाइप निर्माण उपभोक्ता समितिका अध्यक्ष रन बहादुर थापा, सचिव टेक नारायण पुन र कोषाध्यक्ष पार्वती थापाले उक्त आयोजनाको सम्झौता बमोजिम ह्यूम पाईप राख्दा गर्नु पर्ने लगत इस्टिमेटमा तोकिएका कामहरु गर्नु पर्नेमा सो नगरी नगराई स्थलगत रुपमा नभएको नगरेको कार्यको समेत झुठा बिल भरपाई बनाई बनाउन लगाई भए गरेको कार्य भन्दा बढी नापी कितावमा चढाउन लगाई सोही बमोजिमको भुक्तानी लिने कार्य गरी कुल रु.४,९०,२२७।७७ (चार लाख नब्बे हजार दुई सय सत्ताइस रुपैयाँ सतहत्तर पैसा) हानि नोक्सानी गरी भ्रष्टाचार गरेको मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टी भई रहेको अवस्थामा निज प्रतिवादीहरु सफाई दिने ठहर गरी भएको उल्लिखित आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ । • अतः अतः प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरु खिम वहादुर वि.क.समेतलाई आरोप दावीबाट सफाई हुने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले प्रस्तुत फैसला उपर सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्ने।